

## के तपाईँको:

- बच्चालाई घरमा गम्भीर समस्या छ?
- बच्चा बारम्बार अनुपस्थित हुन्छ, वा स्कूलमा गम्भीर समस्या झेलिरहेको छ?
- बच्चा घरबाट भाग्छ वा शोषणमा परेको छ?

## परिवार संसाधन केन्द्रहरू (एफ.आर.सि.एस) हरूले मद्दत गर्न सक्छन्।

एफ.आर.सि.का सेवाहरू स्वेच्छिक, गोपनीय, समुदाय आधारित, तथा तपाईँको परिवारका आवश्यकताहरू पूरा गर्नेतर्फ लक्षित हुन्छन्।

एफ.आर.सि. सेवाहरू सुविधाजनक छन्, जसमा केही कार्यक्रमहरू बेलुकी तथा सप्ताहान्तमा उपलब्ध छन्।



FRC-NEP 4/24

# Family Resource Centers



**पालनपोषण कार्यक्रमहरू, सहयोग समूहहरू, मूल्याङ्कन सेवाहरू, तथा जानकारी एवम् रेफरल संसाधनहरू प्रदान गर्दछन्।**



Family Resource Centers

www.frcma.org

# परिवार संसाधन केन्द्र (एफ.आर.सि.) के हो?

परिवार संसाधन केन्द्रहरू (एफ.आर.सि.एस) ले परिवारहरू तथा व्यक्तिहरूलाई चुनौतीहरूको समाधान गर्न, उनीहरूबीचको सम्बन्ध सबलीकरण गर्न, अरूसँग जोडिन, र आआफ्ना समुदायमा संलग्न हुन मद्दत गर्दछन्। एफ.आर.सि.हरू मासाचुसेट्सका प्रत्येक 14 काउन्टीहरूमा अवस्थित छन्।

# परिवार संसाधन केन्द्रले के गर्छ?

एफ.आर.सि.हरूले जन्मदेखि 18 वर्षसम्म उमेरका बालबालिका भएका परिवारहरूलाई पालनपोषण कार्यक्रमहरू, सहयोग समूहहरू, जानकारी तथा रेफरल संसाधनहरू, मूल्याङ्कन सेवाहरू, प्रारम्भिक बाल्यावस्था सेवाहरू तथा शिक्षा कार्यक्रमहरू प्रदान गर्दछन्।

एफ.आर.सि.हरूमा बारम्बार अनुपस्थित हुने वा स्कूलमा गम्भीर समस्या भएका, घरमा गम्भीर समस्या भएका, घरबाट भागेका, वा शोषणमा परिरहेका बच्चाहरूका परिवारहरूका लागि निर्दिष्ट सेवाहरू पनि उपलब्ध छन्।

एफ.आर.सि.हरूले आमाबाबुहरू, बालबालिकाहरू, किशोरकिशोरीहरू, अभिभावकहरू, स्याहारकर्ताहरू, वा परिवारको अन्य कुनै सदस्य वा परिवारमा संलग्न समुदायको सदस्यसँग काम गर्दछन्।

एफ.आर.सि. स्टाफले परिवारका सदस्यहरूका आवश्यकताहरूको मूल्याङ्कन गर्नेछन्, एफ.आर.सि. सेवाहरू सिफारिस गर्नेछन्, तथा आवश्यक भएको खण्डमा अन्य सामुदायिक सेवाहरू प्राप्त गर्नका लागि मद्दत गर्नेछन्।

**कुनै निश्चित एफ.आर.सि.मा उपलब्ध सेवाहरूका विषयमा बढी जानकारीका लागि, कृपया एफ.आर.सि.लाई सोझै सम्पर्क गर्नुहोस्। एफ.आर.सि.हरूका लागि सम्पर्क जानकारी www.frcma.org मा प्राप्त गर्न सकिनेछ**

# मासाचुसेट्सका लागि परिवार संसाधन केन्द्रहरू



### परिवार संसाधन केन्द्रहरूद्वारा प्रदान गरिने सेवाहरू

- पालनपोषण सीप कार्यशाला
- स्व-मद्दत समूहहरू
- हजुरबा-हजुरआमा समूहहरू
- आर्थिक कार्यशालाहरू
- तनाव व्यवस्थापन कार्यशालाहरू
- शिक्षा कार्यक्रमहरू
- पारिवारिक कार्यक्रमहरू तथा क्रियाकलापहरू
- प्लेग्रुप तथा युवा कार्यक्रमहरू
- कला, सांस्कृतिक तथा खेलकुद कार्यक्रमहरू
- अन्य सेवाहरू प्राप्त गर्नका लागि मद्दत

### परविार संसाधन केन्द्र स्थानहरू

- Amherst
- Athol
- Attleboro
- Barnstable/ Hyannis
- Brockton
- Chelsea
- Everett
- Fall River
- Fitchburg
- Framingham
- Gardner
- Great Barrington
- Greenfield
- Holyoke
- Lawrence
- Lowell
- Lower Roxbury
- Lynn
- Nantucket
- New Bedford
- North Adams
- Oak Bluffs/ Martha's Vineyard
- Pittsfield
- Plymouth
- Quincy
- Salem
- Southbridge
- Springfield
- Taunton
- Ware
- Westfield
- Worcester

**यो स्थान 2024 मा खुल्नेछ।**

- **Dorchester/Mattapan**

# एफ.आर.सि.सँग कसरी सम्पर्क गर्ने

**www.frcma.org** वेबसाइटमा सूचीकृत नम्बर वा ठेगानामा आफूले चाहेको एफ.आर.सि. स्थानमा फोन गर्नुहोस् वा त्यहाँ जानुहोस्।

तपाईँले जानकारी प्राप्त गर्न तथा एफ.आर.सि. वा अन्य सेवाहरूको विस्तृत शृङ्खलामा रेफरलका लागि मास**211** पनि प्रयोग गर्न सक्नुहुन्छ। मास 211 लाई मासाचुसेट्समा कुनै पनि फोनद्वारा "211" डायल गरेर 24 सै घण्टा हप्ताको सातै दिन सम्पर्क गर्न सकिनेछ। यदि आवश्यक भए, अनुवाद सेवाहरू 140 भन्दा बढी भाषाहरूमा उपलब्ध छन्।

**कुनै निश्चित एफ.आर.सि.मा उपलब्ध सेवाहरूका विषयमा बढी जानकारीका लागि, कृपया एफ.आर.सि.सँग सोझै सम्पर्क गर्नुहोस्।**

Massachusetts 2-1-1 Get Connected. Get Answers.

**स्थानीय परिवार संसाधन केन्द्र फेला पार्नका लागि www.frcma.org मा हाम्रो वेबसाइट हेर्नुहोस्।**

